# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १९ मितिः २०८१/११/२८

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।



रामपुर नगरपालिका, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np
Website: rampurmun.gov.np

# शिक्षक पदस्थापनका थप आधार तथा मार्गदर्शन २०८१

शिक्षक सेवा आयोगबाट प्राथमिक तह, तृतीय श्रेणी, स्थायी शिक्षक पदमा सिफारिस भई रामपुर नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयमा रिक्त रहेको दरबन्दीमा पदस्थापन हुने गरी आएका शिक्षकहरुलाई देहायबमोजिम पदस्थापन गरिनेछ ।

(क) प्राथमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने पदसंख्या र निम्न माध्यमिक तथा माध्यमिक तहको हकमा स्थायी शिक्षक पदस्थापन गर्नुपर्ने विषयगत पदसंख्याका आधारमा पदस्थापन गर्नुपर्ने विद्यालयको सूची सार्वजनिक गरी शिक्षा विकास तथा समन्वय इकाइबाट स्थायी नियुक्ति भई आएकालाई सिफारिस योग्यताक्रम समेतलाई ध्यानमा राखि देहाय बमोजिम पदस्थापन गर्ने ।

१. रामपुर नगरपालिकाका प्रत्येक माध्यमिक र आधारभूत तह (६-८) सञ्चालित विद्यालयले रिक्त वा करारमा रहेका विस्थापित हुने शिक्षक सङ्ख्याको आधारमा एक जना शिक्षकलाई एक विषय (गणित वा विज्ञान) प्राथमिकता रहने गरि विस्थापित हुन सक्ने शिक्षकको सङ्ख्याको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विषय प्राथमिकता निर्धारण गरि नगरपालिका शिक्षा शाखामा तोकिएको समयमा निवेदन पेश गर्ने।

२. पदस्थापन गर्दा रिक्त दरबन्दीले अपुग भइ अस्थायी/करारका शिक्षक हट्नु पर्ने अवस्थामा सेवाको आधारमा कनिष्ठ अस्थायी शिक्षक हट्ने गरी व्यवस्था मिलाउने ।

३.माध्यमिक तह र आधारभूत तह (६-८) सञ्चालित विद्यालयमा गणित र विज्ञान विषयको दरबन्दी अपुग भएकोले, गणित र विज्ञान विषयमा विषयगत दक्षता भएका शिक्षकहरुलाई आवश्यक्ताका आधारमा (विद्यालयले माग गरेको विषयमा) कक्षा ९-१२, ९-१० र कक्षा ६-८ सञ्चालित विद्यालयमा पदस्थापन गर्ने।

४. क र ख श्रेणीको अपाङगता भएका तथा महिलाको हकमा प्राथमिकतामा राखी पदस्थापन गर्ने ।

(ख) शिक्षक पदस्थापनको कार्य ७ दिनभित्रमा पुरा गर्नुपर्नेछ ।

आज्ञाले
सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत